**पोखरिया नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**पोखरिया, पर्सा**


# पोखरिया नगरपालिका स्थानीय राजपत्र

**खण्ड:- ५ संख्या:- ७ मिति:-२०७८/०९/१८**

**भाग:- २**


## पोखरिया नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी कार्यविधि, २०७८

**प्रस्तावना :**

पोखरिया नगरपालिकामा स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले तोके वमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्न वाञ्छनिय भएकोले

**पोखरिया नगरपालिका प्रशासकीय ऐन, २०७७ को दफा १२ को उपदफा (३)** अनुसार नगर कार्यपालिकाले पोखरिया नगरपालिका "घ" वर्गको निर्माण



व्यवसायी इजाजत पत्र जारी कार्यविधि २०७८ स्विकृत गरी जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "पोखरिया नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएर प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(१) "नगरपालिका" भन्नाले पोखरिया नगरपालिका सम्झनुपर्छ ।

(२) "कार्यपालिका" भन्नाले पोखरिया नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(३) "वडा समिति" भन्नाले पोखरिया नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(४) "नगर प्रमुख" भन्नाले पोखरिया नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(५) "उप-प्रमुख" भन्नाले पोखरिया नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(६) "वडा अध्यक्ष" भन्नाले पोखरिया नगरपालिकाको वडाको अध्यक्षलाई सम्झनुपर्छ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(८) “सभा सदस्य” भन्नाले पोखरिया नगरपालिकाको नगर सभाको सदस्य सम्झनुपर्छ र सो शब्दले नगर प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(९) “नगर सभा” भन्नाले पोखरिया नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(१०) “वडा सचिव” भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनुपर्छ ।

(११) “कर्मचारी” भन्नाले पोखरिया नगरपालिकामा तोकिएको कामका लागि तलव सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्त व्यक्तिलाई सम्झनुपर्छ ।

(१२) “ऐन” भन्नाले पोखरिया नगरपालिका प्रशासकीय ऐन २०७७ सम्झनुपर्छ । सो शब्दले संघीय, प्रदेश र नगर सभाले पारित गरेको अन्य ऐन नियम समेतलाई जनाउछ ।

(१३) “कार्यबिधि” भन्नाले पोखरिया नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्छ ।

## परिच्छेद -२
## दर्ता, नविकरण तथा खारेजी

**३. नयाँ इजाजत पत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले कालो सूचीमा नपरेको स्वघोषणा सहित अनुसूचि -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि कार्यपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूचि -४ वमोजिमको योग्यता भए/नभएको



सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) न्युनतम योग्यता पुगेको विवरण र उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित नगर प्रमुख स्तरीय निर्णयबाट प्रमूख प्रशासकीय अधिकृतले इजाजत पत्र प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिईने “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र बापत नगर सभाले निर्धारण गरे बमोजिमको दस्तुर लिई निजलाई अनुसूचि -२ बमोजिमको ढाँचामा “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (१) बमोजिम “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रप्त गर्न नगरपालिकामा निवेदन पेश भएकोमा अस्विकृत भएमा के कारणले अस्विकृत भएको हो कारण समेत खोली सम्वन्धित निवेदकलाई अस्विकृत भएको ७ दिन भित्र लिखित जानकारी दिनु पर्नेछ ।

(६) उपदफा (५) उपर न्ययिक समितिमा पनरावेदन गर्न सकिनेछ ।

**४. इजाजत पत्रको अवधि र नवीकरण** :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ५. बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्य सम्मको लागि मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र देहाय वमोजिम नविकरणका लागि आवेदन दिनु पर्नेछ ।

(क) प्रचलित कानून बमोजिम संघ, प्रदेश र नगरपालिकालाई तिर्नुपर्ने कर तिरेको प्रमाण ।

(ख) प्रचलित कानून वमोजिमको कर चुक्ता प्रमाण पत्र र व्यावशाय नविकरण प्रमाण ।

(ग) अनुसूचि -३ वमोजिमको विवरण र तोकिए वमोजिमको दस्तुर ।

(घ) कालो सूचीमा नपरेको

(३) उपदफा (२) बमोजिमको निवेदन उपर छानविन गरी प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्रको नवीकरण गरीदिन सक्नेछ ।

(४) दफा (३) बमोजिम नविकरण गर्दा अनुसूचि -४ मा उल्लेख भएको विवरण कायम रहेको हुनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको म्याद नाघेका इजाजत पत्र प्राप्त व्यवशायीले सबै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहेमा म्याद नाघेको तिन महिना भित्र २५ प्रतिशत छ महिनाभित्र ५० प्रतिशत नौ महिान भित्र ७५ प्रतिशत र आर्थिक वर्ष पुरा भएपछी शत प्रतिशत जरीवाना सहिते थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरीदिन सक्नेछ ।

**५. इजाजत पत्रको खारेजी :**

(१) देहायको अवस्थामा कार्यपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरको सम्वन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायबाट लेखि आएमा ।



(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) म्यादभित्र नवीकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज भएकोमा प्रमुख प्रशासकीय अधिकृतले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति एवं कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## परिच्छेद -३
## विविध

**६. इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवशायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न, गराउन हुँदैन ।

**७. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. व्याख्या :**

यस कार्यविधिमा लेखिएको विषयमा संसोधन,वा कुनै व्याख्या गर्ने अधिकार कार्यपालिकालाई मात्र हुनेछ ।

**९. बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी व्यक्ति, फर्म तथा कम्पनीहरुलाई दिइएको “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूचि -१**

**दफा २ को उपदफा (१) संग सम्बन्धित**

**ईजाजतपत्रको लागि दिईने दरखास्त**

*फोटो*

विषय : ईजाजतपत्र पाउँ भन्ने बारे ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
पोखरिया नगरपालिका
कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा

यस कार्यालयको “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७८ बमोजिम निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पत्र पाउन निम्न विवरय भरी यो  दरखास्त पेश गरिएको छ ।

दरखास्त पेशगर्ने फर्म वा क्मपनीको :–
नाम  :–
ठेगाना :–
पोष्ट बक्स  :–
टेलिफोन नं.  :–                                    फ्याक्स नं.  :–
ईमेल :–
फर्म वा कम्पनीको प्रकृति

| | |
|---|---|
| १ | २ |
| १ | २ |

१. प्राईभेट लिमिटेड कम्पनी
२. पब्लीक लिमिटेड कम्पनी

१ एकलौटी                                    २.  साझदारी
(कोष्टमा रेजा लगाउनु पर्नेछ )

३.सम्पर्कको लागिफम वा कम्पनीको आधिकारिक व्यक्तिको :–
नाम थर :–
ठेगाना :–
पोष्ट बक्स  :–
टेलिफोन नं.  :–                                    फ्याक्स नं.  :–
ईमेल :–



४. फर्म वा कम्पनीको विवरण :–

दर्ता नं :–
दर्ता मिति :–
अधिकृत पूँजी :-
जारी पूँजी ः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजत पत्र लिन चाहेको वर्ग :- (घ) वर्ग
६. समुहीकरण हुन चाहेको समुह :-
७.आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था ⁄बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए पेश गर्न सकिनेछ ।
८. कामदारको विवरण  :-
क) प्राविधिक :-
ख) अप्राविधिक
ग) अन्य :-
प्राविधिक कर्मचारीको certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वामा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्ने छ ।

१०.यस अघि काम गरेको भए समपन्न गरेको कामको विवरण :-

| सि. न. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था/प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजात :-

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पूण व्यहोरा ठिक साँचो छ। झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको :-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टी गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी र सञ्चालकहरुको पहिचान हुने विवरणहरु संलग्न गर्नु पर्नेछ र कार्यालयले माँग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।



**अनुसूचि -२**

**दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित**

**पोखरिया नगरपालिका**

**कार्यपालिकाको कार्यालय**

**पोखरिया, पर्सा**

# घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र

ईजाजतपत्र नं.

मिति :-

**पोखरिया नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**पोखरिया, पर्सा**

घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७७ को दफा ३ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............ स्थित कार्यालय भएको ......................... फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको :-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही बर्ग लेख्ने कार्यालय :-

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



## अनुसूचि -३

## निर्माण व्यावशायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पास बुक)

| क्र स | आयोजनाको नाम | शार्वजनिक निकायको विवरण | संयूक्त उपक्रमको नाम आदी | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधी थप विवरण (यदी भएमा) | Varation को विवरण (यदी भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम | क) थप रकम | Varation पछीको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | .......... | ............... | | | .......... | ................ | |
| | | | | | ख) संझौता मिति | ख) पद | क) नाम | क) Varation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | ................. | ............... | ............ | .............. | ............ | ............... | |
| | | | | | ग) ठेक्का अवधी | ग) हस्ताक्षर | ख) पद | ख) पद | र्ग सम्पन्न% | | |
| | | | | | ............. | ............. | .......... | ............ | .......... | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | .............. | .......... | ........... | ........... | ............ | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद | पद | |
| | | | | | | | छाप | ............. | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ................ | | .............. | ............ | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ........ | ......... | |

## अनुसूचि -४
## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :**

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई कम्पनी रजिष्टारको कार्यालय वा निजले तोकेको कार्यालय वा साना तथा घरेलु कार्यालय दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

**३. मेशीन र उपकरण (कम्तीमा) :**

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) बाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।



४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले**
**सन्देश कुमार यादव**
**नि. प्रमुख प्रशासकीय अधिकृत**